अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०८/१४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

<table>
<tr><th>सि.नं.</th><th>प्रतिवादीहरु</th><th>मुद्दा</th><th>आयोगको माग दावी तथा विशेष अदालतको फैसला</th><th>विशेष अदालतको फैसला र आधार</th><th>आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु</th></tr>
<tr>
<td>१</td>
<td>प्रतिवादीहरु याम कुमार कार्की, देवका अधिकारी, र गृष्मा कार्की मु.नं (०८०-CR-०१३६) फैसला मिति २०८१/०९/०२</td>
<td>गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको।</td>
<td>आयोगको माग दावी
• प्रतिवादी याम कुमार कार्कीले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूरमा बिगो रु.३,२१,३२,९५६।७५ कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) सजाय हुन साथै साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, १६(ग), दफा २९ को उपदफा (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२), दफा ४७ र प्रचलित अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा २९ (ख) बमोजिम उक्त विगो जफत तथा असुल उपर हुन मागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको देखिन्छ।
अदालतको फैसला
• प्रतिवादी याम कुमार कार्कीले आफ्नो श्रीमती प्रतिवादी देवका अधिकारी र छोरी गृष्मा कार्कीको नाममा गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ती राखेको देखिएको हुँदा निजहरुको नाममा रहेको सम्पत्ति जफत गर्ने प्रयोजनका लागि प्रतिवादी कायम गरी विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएकोमा विशेष अदालतबाट फैसला हुँदा</td>
<td>फैसलाः
प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।
विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः
• आरोप दावी र प्रतिवादीको विचमा मुख नमिलेको ब्यय शिर्षकमा हेर्दा,
• सापटीको सम्बन्धमाः प्रतिवादीले दिनेश यादवलाई दिएको ५३ लाख मध्ये आरोप पत्रमा नै रु.२९,५०,०००।—फिर्ता गरेको भनी उल्लेख भएको देखिंदा सो रकमसम्म फिर्ता भई रु.२३,५०,०००।— बाँकी रकम व्ययमा गणना हुने देखियो साथै प्रतिवादीले चन्द्र बहादुर अधिकारीलाई दिएको रु.४,५०,०००।— रकमका सम्बन्धमा सो रकम प्रतिवादी यामकुमार कार्की र केदार दहालको संयुक्त खाताबाट दिएको देखिंदा सोको पचास प्रतिशतले हुन आउने रु.२,२५,०००।— रकम प्रतिवादीको व्ययमा गणना हुने देखियो।यस शिर्षकमा प्रतिवादीको व्यय रु ८५,७५,०००।— कायम हुने देखिन्छ।
• आरोप दावी र प्रतिवादीको विचमा मुख नमिलेको आय शिर्षकमा हेर्दा,
• जग्गा बिक्रि वापतको आयः आरोप पत्रमा नै प्रतिवादीले जग्गा विक्रि गरेको पृष्ठ ९ र १० मा उल्लेख गरेको टेवुलमा क्र.सं.२,३,५ र ९ का जग्गाको क्षेत्रफल बढाई अवैध रकम आर्जन गरेको हुँदा उक्त जग्गाहरु बिक्री गरि प्राप्त रकमलाई साविककै क्षेत्रफलको अनुपात अनुसारको रकमलाई आयमा गणना गरिएको भनी आरोप बेहोरा भए पनि जाँच अवधिको समग्र आय र व्ययको गणना भएको र अवैध रकम आर्जन गरेको पुष्टि समेत नभएकोले प्रतिवादीको यस शीर्षकमा रु.२,४८,९६,५००।-आयमा गणना हुने देखियो।
• घर तथा जग्गा वहाल आयः_ प्रतिवादीको घर वहाल र जग्गा वहाल आयको रकम समयानुसार स्वभाविक नभएकोले न्यायिक विवेक प्रयोग गरी समग्रमा घर वहालतर्फ रु.३७,९१,१८५।- र जग्गा वहालतर्फ रु.५८,०३,२४५।— प्रतिवादीले आय गरेको देखिन आएकोले निजको जाँच अवधिमा घर तथा जग्गा वहालतर्फ जम्मा रु.९६,०२,४३०।— गणना गर्नुपर्ने।
• बैंक ब्याज आयः प्रतिवादीले सबै बैंकहरुबाट व्याज रु.१५,१४,२४८।१७ प्राप्त भएको जिकिर लिएको र सोलाई पुष्टि हुने व्याज गणना विवरण तथा बैंक स्टेटमेन्टका प्रतिलिपीहरुसमेत मिसिल सामेल भएको देखिंदा सो दावी बमोजिमको रकम र संयुक्त खाताबाट प्रतिवादी याम कुमार कार्कीको भागको रु.१,९५,०४६।०६ गरी जम्मा रु.१७,०९,२९४।२३ गणना हुने देखियो।
• कार्यालय भत्ता आयः यस आयोगबाट प्रतिवादी याम कुमार कार्कीको भत्ता आय जम्मा रु.५७,७९,५३९।-कायम गरी गणना गरेकोमा निजले सो भत्ताको अतिरिक्त दशै भत्ता, पोशाक भत्ता र महंगी भत्ता दावी गरेको र सो</td>
<td>• यी प्रतिवादी याम कुमार कार्कीले सार्वजनिक सेवाको पदमा कार्यरत हुँदा पेश गरेको सम्पत्ति बिवरण, अनुसन्धानको क्रममा निज प्रतिवादी याम कुमार कार्की र निजको श्रीमती देवका अधिकारी समेतको बयान, बिभिन्न बैंकबाट प्राप्त विवरण, अनुसन्धानको सिलसिलामा संकलित विभिन्न चल अचल सम्पत्तिहरुसँग सम्बन्धित विभिन्न निकायहरुबाट प्राप्त प्रमाण कागजातहरु लगायत निज प्रतिवादीको सम्पूर्ण आय व्ययका सम्बन्धमा गरिएको आयव्यय प्रवाह विवरण (Income Expenditure Cash Flow) को प्रचलित कानूनको व्यवस्थाको रोहमा बस्तुनिष्ठ तवरले अध्ययन एवं विवेचना गर्दा निज याम कुमार कार्कीले सार्वजनिक सेवा प्रवेश गरेको मिति २०५८।०४।१६ देखी मिति २०७९।१२।३० सम्मको अनुसन्धान जाँच अवधिको समग्र आय व्यय निम्न बमोजिम देखिन्छः-
शाखा अधिकृत (करार) याम कुमार कार्कीको आय/व्यय विवरण
<table>
<tr><th colspan="3">आय</th><th colspan="3">व्यय तथा सम्पत्ति/लगानी</th></tr>
<tr><th>क्र.स.</th><th>विवरण</th><th>रकम रु.</th><th>क्र.स.</th><th>विवरण</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>पारिश्रमिक आय 70% (का.उ.वि.प्रा.)</td><td>२,६५९,३६७.००</td><td>१</td><td>घर/जग्गा खरिद</td><td>४६,८९२,६९९.००</td></tr>
<tr><td>२</td><td>अतिरिक्त पारिश्रमिक आय ८५%</td><td>१,६७४,१३७.००</td><td>२</td><td>शैक्षिक खर्च</td><td>१,३८३,९९३.००</td></tr>
<tr><td>३</td><td>घर तथा जग्गा वहाल आय</td><td>८३८,१६०.००</td><td>३</td><td>घर जग्गा रजिष्ट्रेशन/कर</td><td>१,३३१,६८३.००</td></tr>
<tr><td>४</td><td>जग्गा विक्रि वापतको आय</td><td>१९,३७२,१५२.००</td><td>४</td><td>ऋण भुक्तानी</td><td>६४९,५८३.००</td></tr>
<tr><td>५</td><td>बैंक ऋण</td><td>५००,०००.००</td><td>५</td><td>वीमा प्रिमियम</td><td>४२८,९१०.००</td></tr>
<tr><td>६</td><td>बैंक ब्याज आय</td><td></td><td>६</td><td>स्कुटर/सवारी</td><td></td></tr>
</table>
</td>
</tr>
</table>

सम्पूर्ण प्रतिवादीहरुलाई आरोप मागदावीबाट सफाई दिने ठहर गरी फैसला भएको अवस्था छ।

लाई पुष्टि हुने कागजात समेत पेश गरेको देखिंदा यस शिर्षकमा प्रतिवादीको जम्मा रु.६२,८२,९४९। गणना हुने देखियो।

- **सापटी आयः** प्रतिवादीले दावी गरेको यसोदा अधिकारी बाट लिएको रु.१०,००,०००।— बाहेक अन्य रकम बैक स्टेटमेन्टहरुबाट पुष्टि भएकोले सापटी तर्फ रु.१,०८,१३,०००।- आयमा गणना हुने देखियो।
- **पैतृक कृषि आयः** यस शिर्षकमा प्रतिवादीले दावी गरे झै धान, मकै, तोरी, मास लाग्नु स्वभाविक देखिन्छ।प्रतिवादीले उक्त जग्गामा दावी गरेको रकम रु.१,४९,६२,५७४।— नै आय गरेको भनी विश्वास गर्न सकिने अवस्था नरहे पनि २०५४ साल देखि २०७९ साल सम्म करीव २५ वर्षमा कृषि आय तर्फ जम्मा रु.८५,००,०००।—गणना गर्दा न्यायोचित नै हुने देखियो।
- **उल्लेखित आधार ग्रहण गरी विशेष अदालत, काठमाण्डौबाट प्रतिवादीको समग्र आय व्यय विवरण देहाय वमोजिम कायम गरेको देखिन्छ-**

व्यय तर्फ			आय तर्फ		
क. सं.	शिर्षक	रकम (रु.)	क. सं.	शिर्षक	रकम (रु.)
१	घर तथा जग्गा खरिद	रु.४,६८,९२,६९९।-	१	पारिश्रमिक	रू.26,59,३६७।—
२	शैक्षिक खर्च	रु.१३,८३,९९३।-	२	जग्गा बिक्री	रु.२,४८,९६,५००।—
३	जग्गा रजिष्ट्रेशन तथा पुँजीगत लाभकर	रु.१३,३१,६८३।—	३	घर तथा जग्गा वहाल	रू.९६,०२,४३०।-
४	ऋण चुक्ता	रु.६,४९,५८३।-	४	बैंक ब्याज	रु.१७,०९,२९४।२३
५	बीमा प्रिमियम	रु.४,२८,९१०।-	५	कार्यालय भत्ता	रु.६२,८२,९४९।-
६	गहना खरिद	रु.१,५८,०६४।-	६	सापटी फिर्ता	रु.२९,५०,०००।—
७	घर तथा जग्गा वहाल	रु.९१,१२३।-	७	सापटी	रु.१,०८,१३

		१,३४०,२९१.६०		साधन खरिद	१७१,४००.००
७	भत्ता आय(का.उ.वि.प्रा.)	५,७७९,५३९.००	७	गरगहना खरिद	१५८,०६४.००
८	सापटी फिर्ता (दिनेश यादव मार्फत)	२,९५०,०००.००	८	घर/जग्गा वहाल कर	९१,१२३.००
९	केदार दाहालबाट लिएको सापटी रकम	२,६००,०००.००	९	शेयर खरिद	१०४,५००.००
			१०	वैंक मौज्दात	६,६८४,६४८.३५
			११	चुडाकर्म/संस्कार	२००,०००.००
			१२	सापटी/बैना	११,७५०,०००.००
जम्मा		**३७,७१३,६४६.६०**			६९,८४६,६०३.३५
आय भन्दा व्यय बढी/ स्रोत खुल्न नसकेको		(३२,१३२,९५६.७५)	**आयको अनुपातमा स्रोत खुल्न नसकेको -85.20%**		

- **विशेष अदालतबाट भएको फैसलामा यी प्रतिवादीको आय व्ययको स्थितिको मूल्यॉंकन गर्दा आय तथा व्ययका निम्न शिर्षकहरूमा आयोगले दावी गरेको भन्दा फरक तथा घटबढ गरी गणना गरेकोले उक्त फैसला निम्न आधारमा त्रुटिपूर्ण देखिन्छ।**
- **प्रतिबादी याम कुमार कार्की को व्यय शिर्षक तर्फ-ः**
- **सापटीको_सम्बन्धमाः-** यस शीर्षकमा जम्मा रु.१,१७,५०,०००।- व्ययमा गणना हुने भनी आरोपपत्रमा दाबी रहेकोमा प्रतिवादी याम कुमार कार्कीका सहकर्मी दिनेश यादवलाई विभिन्न मितिमा बैंक खाता मार्फत दिइएको रु.५३,००,०००।- मध्ये मिति२०७९।०८।२६ मा

	कर				,०००।-
८	शेयर खरिद	रु.१,०४,५००।-	८	कृषि	रु.८५,००,०००।—
९	चुडाकर्म खर्च	रु.२,००,०००।-	९	**बैंक ऋण**	रु.५,००,०००।-
१०	बैंक तथा वित्तिय संस्थामा रहेको मौज्दात रकम	रु.६६,८४,६४८।३५			
११	सापटी	रु.८५,७५,०००।-			
१२	**स्कुटर खरिद**	रु.१,७१,४००।-			
	जम्मा	रु.६,६६,७१,६०३।३५		जम्मा	रु.६,७९,१३,५४०।२३
	व्यय भन्दा आय वढी				रु.१२,४१,९३६।८८

- यस प्रकार माथि विवेचित आधार र कारणबाट प्रतिवादीहरुको वैध आय रु.६,७९,१३,५४०।२३ र व्यय रु.६,६६,७१,६०३।३५ भई व्यय भन्दा आय नै बढी रहेको देखियो। सो अनुसार आय भन्दा व्यय कम भै वैध आय नै बढी देखिन आयो। प्रतिवादी यामकुमार कार्की करारका कर्मचारी भएको, निर्णय गर्ने पदमा निज नरहेको, आर्थिक लेखा उत्तरदायी पदमा रहेको नदेखिएको, सरकारी सामग्री खरिद गर्ने पदमा निज नभएको, प्रतिवादीको नाममा एउटा स्कुटर मात्र रहेको भन्ने आरोपपत्रमा नै उल्लेख भएको र प्रतिवादीले विलासिताको जीवन बिताएको भन्ने कुनै प्रमाणबाट खुल्न आएन। आरोपदाबी बमोजिम निज प्रतिवादीको श्रोत नखुलेको गैरकानुनी सम्पत्ति देखिएन। अतः प्रतिवादी याम कुमार कार्कीको समग्र जाँच अवधिमा वैधानिक आय भन्दा व्यय कम रहेको देखिंदा आरोपदाबी पुष्टि नभई प्रतिवादीहरुले सफाई पाउने ठहर्छ भनी फैसला भएको देखिन्छ।

दिनेश यादवकै नामबाट रु.२९,५०,०००।- बैंक दाखिला गरेको देखिन्छ। दिनेश यादवले अनुसन्धानका क्रममा गरेको बयानमा समेत रु.२९,५०,०००।- मात्र फिर्ता गरेको उल्लेख गरेका र प्रतिवादी याम कुमार कार्कीले समेत सोही बेहोराको अनुसन्धानका क्रममा बयान गरेकोमा अदालत समक्ष विभिन्न कारोवारको अपब्याख्या गर्दै स्रोत खुले नखुलेको सम्पत्तिको गणना प्रयोजनार्थ आरोपपत्रमा बास्तविक कारोवार मिति अनुसार आयव्यय गणना गरेकोमा उक्त रकम लिनदिन बाँकी रकम नभइ सापटी दिएको र फिर्ता पाएको रकमलाई छुट्टाछुट्टै देखाइएको हुन्छ जुन यथार्थतामा उक्त रकम आयमा गणना भई सकेको हुन्छ जस्ले आयलाई बढाई उक्त रकम स्वतः घटेको अवस्थामा आरोपपत्रमा आयमा गणना गरिएको भनि उल्लेख गरी सापटी तथा बैना शीर्षकमा दिनेश यादवलाई दिएको रु.५३,००,०००।- सहित रु.१,१७,५०,०००।- गणना नभई सापटी वापतको रकम रु.८५,७५,०००।- मात्रै व्ययमा गणना गर्नु त्रुटीपूर्ण देखिन्छ। त्यसै गरी प्रतिवादीले अनुसन्धानका क्रममा गरेको बयानको स.ज.नं.४६(च) मा केदार दाहाल सहितको संयुक्त खाताबाट सापटी स्वरुप मिति२०७३।०९।०५ मा रु.४,५०,०००।- सालो चन्द्र बहादुर अधिकारीलाई सापटी दिएकोमा हालसम्म उक्त रकम फिर्ता नपाएको र आयोग समक्ष पेश गरेको १३ पाने विवरणमा तथा निज कार्यरत कार्यालयमा पेश भएको सम्पत्ति विवरणमा समेत आफुले मात्र सापटी दिएको भनी उल्लेखित रकमको सम्बन्धमा खुलाएको देखिंदा देखिदै संयुक्त खाताको व्यय भनि रु.२,२५,०००।- लाई मात्र व्ययमा गणना गर्नु त्रुटीपूर्ण भएकोले उक्त फैसला बदर भागी छ।

- अतःआय ब्ययको प्रवाह विवरण तयार गर्दा प्रतिवादी र निजको एकाघर परिवारका सदस्यहरूले बिधिसम्मत/बैध (Lawfully/Legitimate) रुपमा आर्जन गरेका आयहरूलाई आयका रुपमा गणना गरिन्छ भने निज तथा निजका एकाघर परिवारका सदस्यहरूले विभिन्न शिर्षकहरूमा गरेको प्रमाणित (Verified) ब्यय/लगानीलाई ब्यय (खर्च) का रुपमा गणना गरी निजले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरू जाँच अविधमा निजलाई कानूनी रुपमा प्राप्त भएका आयहरूबाट श्रोत पुष्टि भए/नभएको एकिन गरी आय भन्दा ब्यय अधिक रहेको अवस्थामा अधिक ब्यय रकमलाई बिगो कायम गरी अभियोजन गर्ने गरिन्छ।
- आय र ब्ययको गणना गर्दा सम्भव भएसम्म प्रतिवादीले प्राप्त गरेको आय र गरेको ब्यय कूल रकम (Gross Amount) को आधार अर्थात सम्बन्धित शिर्षकको आय आर्जनका लागि कुनै खर्च भएको छ भने त्यस्तो आय र आय आर्जनका लागि भएको खर्च कूल रकम (Gross Amount) को आधारमा छुट्टाछुट्टै गणना गर्ने गरिएको छ।
- प्रस्तुत मुद्दाको सन्दर्भमा प्रतिवादीले दिनेश यादवलाई रु.५३ लाख चेकमार्फत सापटी दिएको र सो सापटी रकम मध्ये मिति २०७९।०८।२६ गते रु.२९ लाख ५० हजार रुपैंया सापटी फिर्ता गरेको भन्ने बिषयमा विवाद रहेको देखिदैंन। प्रतिवादीले दिनेश यादवलाई सापटी दिएको रकम रु.५३ लाख मध्येबाट रु.२९,५०,०००।– फिर्ता भई निजबाट रकम रु.२३,५०,०००।– सापटी फिर्ता लिन बाँकी रहेको बिषयमा इजलास समेत सहमत रहेको देखिन्छ। आय ब्ययको गणना गर्दा आय र ब्ययको कूल रकम (Gross Amount) को आधारमा गणना गरिएको छ। प्रतिवादीले दिनेश यादबलाई सापटी स्वरुप दिएको कूल रकम (Gross Amount) रु.५३ लाख लाईनै ब्ययमा गणना नगरी सापटी दिएको रकम मध्येबाट फिर्ता पाएको कूल रकम (Gross Amount) रु.२९ लाख ५० हजारलाई आयमा कायमै राखी सापटी फिर्ता लिन बाँकी रहेको खुद रकम (Net Amount) रु.२३,५०,०००।–(कूल

					सापटी रकम रु.५३ लाखबाट रु.२९ लाख ५० हजार घटाई कायम भएको रकम) लाई मात्र ब्ययमा गणना गर्नु त्रुटीपूर्ण रहेको छ। • प्रतिवादीले दिनेश यादवलाई चेकमार्फत सापटी दिएको कूल रकम (Gross Amount) रु.५३ लाख लाई ब्यय र निजले सो सापटी मध्येबाट फिर्ता पाएको कूल रकम (Gross Amount) रु.२९,५०,०००।– लाई आयमा गणना गर्दा प्रतिवादीको आय भन्दा व्यय रु.१७,०८,०६३।१२ ले बढी/अधिक भई निजले सोहि रकम बराबरको गैरकानूनी/अवैध आर्जन गरेको अभियोग ठहर हुने देखिन्छ। यद्यपी इजलासबाट प्रतिवादीले सापटी फिर्ता पाएको रकम रु.२९,५०,०००।–लाई आयमा कायमै राखी निजले दिनेश यादवलाई सापटी दिएको कूल रकम (Gross Amount) रु.५३ लाखबाट फिर्ता पाएको रकम रु.२९,५०,०००।–घटाई कूल सापटी रकम मध्येबाट फिर्ता लिन बाँकी रहेको खुद रकम (Net Amount) रु.२३,५०,०००।– लाई मात्र ब्ययमा गणना गरी प्रतिवादीको व्यय भन्दा आय रु.१२,४१,९३६।८८ ले अधिक भएको देखाई प्रतिवादी निज यामकुमार कार्कीले अभियोग दाबीबाट सफाई पाउने गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ। • **प्रतिवादी याम कुमार कार्कीको आय शिर्षक तर्फः** • **जग्गा बिक्री वापतको आयः** • यस शीर्षकमा प्रतिवादी याम कुमार कार्कीको जम्मा आय रु.१,९३,७२,१५२।- गणना हुने भनी आरोपपत्रमा दाबी रहेकोमा विशेष अदालतबाट प्रतिवादीको यस शिर्षकमा रु.२,४८,९६,५००।— आयमा गणना हुने भनी फैसला गरेको तर्फ विवेचना गर्दा, प्रतिवादी याम कुमार कार्की कार्यरत आयोजनाको क्षेत्रफल भित्र पर्ने जग्गा निजकी श्रीमती देवका अधिकारीको नाममा खरिद भएका कि.नं.१६८ क्षेत्रफल २१.८६ व.मि. र कि.न.२७ क्षेत्रफल १५.९ व.मि. जग्गा दुईवटै जग्गा एकीकृत पश्चात कित्ता परिवर्तन भई नयाँ कि.न.१३२ कायम भएको देखिन्छ।खरिदका समयको दुबै कित्ताका जग्गाको कुल क्षेत्रफल ३७.७६ वर्ग मि. रहेकोमा जग्गा आयोजनाभित्र पारि क्षेत्रफल बढेबढाएर १२८.६२ व.मि. कायम भएको देखिन्छ।उक्त विकसित घडेरी रु.२२,२६,०००।- थैली अंक कायमा गरि मैया कमिनीलाई विक्रि गरेको देखिन्छ।साविकको कि.नं. २७ क्षेत्रफल १५.९० व.मि. जग्गा खरिदका क्रममा ८२.७३ प्रतिशतले स्रोत पुगेको देखिँदैन।सोही अनुसार स्रोत पुगेको मात्र जग्गाको आयलाई गणना गर्दा कि.नं. २७ अनुसारको रु.१,६१,८७६।- र साविकको कि.नं.१६८ अनुसारको रु.१२,८८,६७५।- गरी हालसाविक पश्चातको कि.नं.१३२ विक्रि वापतको रकम रु.१४,५०,५५१।- आयमा गणना गर्नुपर्छ।त्यस्तै कि.नं.१४१ खरिदका क्रममा पूर्ण रुपमा स्रोत खुलेको देखिदैन।साविकको कि.नं.१८४ खरिदका क्रममा स्रोत खुलेको ५४.७६ प्रतिशत रहेको देखिएको हुँदा रु.८,३६,९४०।- लाई मात्र आयमा गणना गर्नु उपयुक्त देखिन्छ।साविकको कि.नं. १६ को क्षेत्रफल ३१.८० व.मि.रहेकोमा कि.न. परिवर्तन गरि १३७ कायम गरी सो जग्गाको क्षेत्रफल बढाई ११२.४५ कायम गरेको देखिन्छ।उक्त जग्गाहरु क्षेत्रफल बढे/बढाएको सम्बन्धमा निज प्रतिवादीले अनुसन्धानको बयानमा खुलाउन सकेको र उक्त बढेको क्षेत्रफलको अतिरिक्त रकम भुक्तानी गरेको समेत देखिदैन।साथै उक्त खरिद गरेका जग्गाको आयोजनाले क्षेत्रफल बढाउनुपर्ने पर्याप्त र मनासिव कारण नखुलेको र आयोजनाको मापदण्ड समेत भएको देखिदैन भने आयोजनाको उपभोक्ता समितिका अध्यक्ष देव कुमार लामाले बाग्मतीनगर जग्गा एकीकरण आयोजनामा कार्यरत शाखा अधिकृत प्रतिवादी याम कुमार कार्कीले यस आयोजना क्षेत्रभित्रका जग्गा

					खरिद गरि क्षेत्रफल बढाएको विषय आयोगमा आई जानकारी हुँदा मलाई चकित पारेको छ। याम कुमार कार्कीले खरिद गरि विक्रि भएका जग्गा अस्वभाविक छन्।कर्मचारीले हामीलाई समेत गुमराहामा पारि जग्गाको चलखेल गरेको देखीएको हुँदा यस विषयमा विस्तृत अनुसन्धान गरि दोषीलाई कारवाहीको दायरामा ल्याउनु पर्छ भनि कागज गरेको देखिन्छ।प्रतिवादी याम कुमार कार्कीले पदीय मर्यादाको दुरुपयोग गरि आफु कार्यरत आयोजनाको न्यूनतम मापदण्ड नपुगेका टुक्रा जग्गा प्रतिवादी तथा प्रतिवादीको श्रीमतीका नाममा खरिद गरेको देखिन्छ।यसरी खरिद गरिएका जग्गा केही समयको अन्तरालमै आयोजनाको मापदण्ड अनुसार क्षेत्रफल बढेबढाई अन्य व्यक्तिहरुलाई विक्रि गरि प्राप्त रकमलाई समेत आयमा गणना गर्नुपर्ने प्रतिवादी दाबी अनुसार अदालतले आरोपत्रमा *(पृष्ठ नं ९ र १० को कैफियत खण्ड, पृष्ठ न. ८५, को आयव्यय तालिका, स्रोत नखुलेको लगानी खर्चको विवरण पेज नं.९६, पेज नं.१०५ समेत)* का उल्लिखित विवरण समेतलाई नजरअन्दाज गरि जग्गा विक्रि वापतको रु.१,९३,७२,१५२।-को सट्टा प्रतिवादीको जिकिर अनुसार रु.२,४८,९६,५००।- लाई जग्गा विक्रि वापतको आयमा गणना गरी भएको उक्त फैसला त्रुटीपूर्ण रहेकोले बदर भागी छ । • **घर तथा जग्गा वहाल आयः** यस शीर्षकमा प्रतिवादी याम कुमार कार्कीको जम्मा आय रु.८,३८,१६०- गणना हुने भनी आरोपपत्रमा दाबी रहेकोमा विशेष अदालतबाट प्रतिवादीको यस शिर्षकमा जम्मा रु.९३,०२,४३०।— गणना हुने भनी फैसला गरेकोमा सोको सम्बन्धमा विवेचना गर्दा, प्रतिवादी याम कुमार कार्कीले श्रीमती देवका अधिकारीको नाममा मिति २०६६।०३।२६ गते खरिद गरेको जिल्ला भक्तपुर, सूर्यविनायक नगरपालिका वडा नं.२, बालकोट स्थित वाल बियरिङ सिस्टमको २.५ तल्ले घर जग्गाको क्षेत्रफल ७४.७२ बर्गमिटर रहेकोमा उक्त सीमाभित्र घर निर्माण भएको देखिन्छ।मिति २०७९ वैशाख देखि २०७९ चैत्रसम्म भगतमणी भट्टराईलाई भाडामा लगाएको बहाल सम्झौता, प्रतिवादीले अनुसन्धानका क्रममा सूर्यविनायक नगरपालिकामा मिति २०७९।१२।२९ गते रु.६,०००।- वहाल कर तिरेको रसिद पेश गरेका आधारमा उक्त अवधिको रु.९०,०००।- घर वहाल आयमा गणना गरिएको छ। यसैगरी श्रीमती देवका अधिकारीका नाममा मिति २०७१।०९।२७ मा जग्गा खरिद भएकोमा उक्त जग्गा मिति २०७४।०७।१५ देखि २०७९ कार्तिकसम्म रामभक्त श्रेष्ठलाई जग्गा भाडामा लगाएको सम्झौता, सोही अनुसार मिति २०७९।१२।२३ गते काठमाण्डौ महानगरपालिका वडा नं. ८ मा एकमुष्ठ रु.८५,१२२।- बहाल कर तिरेको रसिद प्रतिवादीले १३ पान्ने (आयव्यय) विवरण साथ पेश गरेको हुनाले सम्झौता अनुसारको जग्गा बहाल वापतको रु.७,२८,१६०।- सहित घर तथा जग्गा वहाल वापतको रकम कुल रु.८,३८,१६०।- लाई आयमा गणना गरिएको अवस्था हो । अनुसन्धान अवधिभर निजले सो घर तथा जग्गा वहाल वाहेकको अन्य कुनै पनि आय पेश भएका कागजात तथा बयानबाट रकम दाबी गरेको देखिदैन उक्त विषयलाई तपसिलका खण्डमा विस्तृत ब्याख्या गरिएको छ। • **घर वहाल आय सम्बन्धमाः-** प्रतिवादीले मिति २०६६।०३।२६ गते ७४.७२ बर्गमिटर (२ आना १ पैसा १ दाम) क्षेत्रफल जग्गामा निर्माण भएको वाल वियरिङ स्टमको घर रु.१०,९१,४००।- मा खरिद गरेको देखिन्छ।प्रतिवादीले २०६६ सालदेखि २०७९ सम्मको अवधि (१४ बर्ष) मा उक्त घरको भूइ तल्लाको ४ वटा कोठा र पहिलो तल्लाको २ वटा कोठा भाडामा लगाई जिकीर लिएकोमा विशेष अदालतले रु.२९,८१,०२५।- घर

					बहाल आयमा गणना गरेको देखिन्छ ।प्रतिवादीलाई मिति २०७९।११।२३ मा आयोगमा बोलाई उजुरीको मूल बेहोरा जानकारी गराई आयव्यय, लगानी तथा सम्पत्तिको विवरण भरि बुझाउनको लागि जानकारी गराएको साथै प्रतिवादी स्वएंम् कानून व्यवसायी समेत भएको निजले आयोग समक्ष पेश गरेका कागजातबाट देखिन्छ।कानूनी प्रमाणको विषयमा जानकारी रहेको व्यक्तिले करिब एक बर्षको अबधिभित्र घर वहाल वापतको रु.९०,०००।- बाहेक अन्य घर वहाल दाबी पेश गरेको देखिदैन।निर्माण सामाग्री खरिद प्रयोजनार्थ दिएको रकमका सम्बन्धमा गरिएको सबाल जवाफमा प्रतिवादीले भक्तपुरको घर २०७२ सालको भुइचालोमा परि झ्यालढोका हल्लिने अवस्थामा रहेको हुँदा नयाँ घर निर्माण गर्न लागेको भन्ने बेहोरा उल्लेख गर्नुका साथै प्रतिवादीको श्रीमती देवका अधिकारीको बयानमा माटोको जोडाई भएको पुरानो २ तल्ले घर भएको बेहोरा उल्लेख *(देवका अधिकारीको बयान स.ज.नं.८, पंजिका नं.२६ पाना नं.८)* भएको सन्दर्भ समेतलाई विचार गर्नुपर्ने देखिन्छ।साथै घरमा कोठा पर्याप्त भएको अवस्थामा मात्र घर भाडामा लिनेदिने कुरा स्वाभाविक मान्नुपर्छ। प्रतिवादी सहित एकासंगोलका घर परिवारका सदस्यका लागि मात्र पर्याप्त हुने घरमा निज प्रतिवादीले यस आयोगमा पेश गरेको कागजातको आधारमा आयमा गणना समेत गरी आरोप-पत्र दायर गरिसके पछि मिति २०८१।०२।०६ गते सूर्यविनायक नगरपालिका वडा नं. २ मा बहाल कर तिरेको रसिद प्रतिवादीले पेश गरेको कागजातबाट नै देखिन्छ।साथै प्रतिवादीले मिति २०६६।०३।२६ गते मालपोत कार्यालय भक्तपुरबाट रजिष्ट्रेशन पास गरेको देखिंदा दैखिंदै सो मिति अगावै २०६६ साल वैशाख महिनादेखि नै भाडामा लगाई आम्दानी गरेको भन्ने सरासर गलत दाबी लिई घर वहालमा लगाई आम्दानी भएको भनी पछी आफु अनुकुलको बहाल सम्झौता गरि अवैध रकमलाई बहाल कर तिरी प्रमाण सृजना गरेको देखिन्छ।अदालतबाट घरको वहाल आय गणनाका अवस्थामा घरको बनौट, घरले चर्चेको कम्पाउण्ड सहितको क्षेत्रफल, बहाल लगाउने घर र मुख्य शहरबिचको दुरी, निर्मित आन्तरिक संरचना/सरसजावट, जग्गाको क्षेत्रफल अनुसार निर्माण हुने कोठा संख्या तथा कोठाको साइज जस्ता विषयमा समेत विशेष ख्याल राख्नुपर्ने र सोही आधारमा नै घरको खरिद-विक्रिको मूल्य तय गर्नु पर्नेमा प्रतिवादी सहित निजका एकासंगोलका परिवारका चारजना सदस्य समेत सोही घरमा बस्दै आएको निजले नै स्वीकार गरिसकेको अवस्थामा घर धनीले आफ्नो पारिवारिक प्रयोजनका लागि मात्र उपयुक्त हुने प्रकारको घर बहालमा लगाई १४ वर्षको अवधिमा घर खरिद गरेको मूल्यभन्दा ३.७२ गुणा बहाल आय दावी गरेको विषय नै अस्वभाविक देखिन्छ।निजको बहाल आयलाई हेर्दा कुनै पनि व्यक्तिले काठमाण्डौ उपत्यकामा घर खरिद गर्दा खरिद लागत ४ बर्षभित्रमा नै आफूले समेत प्रयोग गरि बहालबाट मात्रै लागत उठ्ने अवस्थाको चित्रित गरी अस्वभाविक रुपमा घर बहाल आय गणना गर्नु न्याय र कानूनको रोहबाट समेत त्रुटिपूर्ण रही वदर भागी छ। \\ • **जग्गा बहाल आयको सम्बन्धमा-** प्रतिवादी याम कुमार कार्की सहित निजको एकासंगोलका घरपरिवारका सदस्यका नाममा काठमाण्डौ, ललितपुर र धनकुटा जिल्लामा अवस्थित खाली जग्गा भाडामा लगाई रु.६५,३१,४०५।- आम्दानी गणना गरेको रकममध्ये श्रीमती देवका अधिकारीका नाममा जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा नं. ८ स्थित कि.नं.७६ क्षेत्रफल १३९.३० व.मि. जग्गा मिति २०७४।०७।१५ देखि २०७९ कार्तिकसम्म रामभक्त श्रेष्ठलाई भाडामा लगाएको सम्झौता, सोही अनुसार मिति २०७९।१२।२३ गते काठमाण्डौ महानगरपालिका वडा नं. ८ मा एकमुष्ठ

					रु.८५,१२२।- बहाल कर तिरेको रसिद पेश गरेका आधारमा रु.७,२८,१६०।- वहाल गणना गरिएको आय वाहेक देवका अधिकारीका नाममा रहेको जिल्ला ललितपुर, हात्तिवन स्थित कि.नं.३४, काठमाण्डौ महानगरपालिका वडा नं. ६ स्थित कि.नं.४६९ छोराछोरी मोहित कार्की र गृष्मा कार्कीको नाममा रहेको काठमाण्डौ महानरपालिका वडा नं. ६ स्थित कि.नं.११० को जग्गा बहाल वापत भनि दावी गरे अनुसारको रु.५८,०३,२४५।०० आयमा गणना गर्नु त्रुटीपूर्ण देखिन्छ।प्रतिवादीले आयोग समक्ष बहाल सम्झौता तथा बहाल कर तिरेको कुनै पनि प्रमाण पेश गरेको देखिदैन।आयोगमा अनुसन्धान अधिकृतले तपाईको अन्य आय छ भने पेश गर्नुहोस भनी सोधनी हुँदा यति मात्र हो अन्य आय छैन भनी उल्लेख गरेको व्यक्तिले आरोप पत्र अध्ययन गरी जति रकमको स्रोत नखुलेको हो त्यति रकमको किर्ते संझौता कागज बनाइ पछाडीको मितिमा प्रमाण श्रृजना गर्ने कार्य नै गलत र त्रृटिपूर्ण छ।प्रतिवादीको श्रीमती देवका अधिकारीको नाममा मिति २०७३।०५।२९ गते जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नं. साविक ५ हाल १५ मा रहेको **कि.नं. ३४ को क्षेत्रफल ०-९-२-० जग्गा** रु.३१,०५,८६३।- मा खरिद गरि **डिल्लीराम श्रेष्ठलाई** फर्निचर स्टोर राख्न २०७३ साल देखि २०८० साल (७.५ बर्ष) सम्म जग्गा वहालमा लिए बापत प्राप्त रकम रु.१५,७१,९४०।०० आयमा दाबी गरेको देखिन्छ। प्रतिवादीले वहाल सम्झौताको प्रतिलिपी, ललितपुर महानगरपालिका वडा नं. १५ मा वहाल कर बुझाएको रसिदको प्रतिलिपी पेस गरेको तथा निज डिल्लीराम श्रेष्ठको बकपत्रलाई आधार बनाई आय गणना गर्नु त्रुटीपूर्ण रहेको छ। प्रतिवादीले आरोपत्र दायर भएपश्चात मिति २०८१।०२।१३ गते मात्रै ललितपुर महानगरपालिका वडा नं.१५ मा बहाल कर तिरि आफु अनुकुल बनाइएको बहाल सम्झौतालाई अदालतले प्रमाणको रुपमा ग्रहण गर्नु उपयुक्त र तर्कसंगत देखिदैन।डिल्लिराम श्रेष्ठले अदालत समक्ष गरेको बकपत्रमा निजको फर्निचर कुन निकायमा दर्ता भई संचालनमा रहेको हो ? स्थायी लेखा नं., फर्निचरको नाम समेत उल्लेख नगरी फर्निचर पसल भनि उल्लेख गरेका छन्।जग्गा भाडामा लगाएको विषयलाई बस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको देखिदैन।प्रतिवादीका छोराछोरीका नाममा रहेको जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा नं.६ स्थित कि.नं.११० र श्रीमती देवका अधिकारीको नाममा ऐ. स्थित कि.नं.४६९ जग्गा एकमुष्ट रुपमा थगेन्द्र वहादुर कार्कीलाई बहालमा लगाई रु.३१,४३,८०५।- आयआर्जन भएको पुष्टि गर्ने प्रयोजनार्थ नै वहाल सम्झौता बनाइ, आरोपपत्र दायर भएपश्चात मिति २०८१।०२।२७ गते स्थानीय तहमा बहाल कर बुझाएको भनि प्रमाणको रुपमा पेश गरेका छन्।त्यस्तै श्रीमती देवका अधिकारीका नाममा खरिद गरेको जिल्ला ललितपुर, डुकुछाप स्थित कि.नं.२७९ जग्गा स्मृती राईलाई पशुपालनका लागि भाडामा लगाएको आफु अनुकुलको सम्झौता तथा मिति २०८१।०२।२७ गते स्थानीय तहमा बुझाएको बहाल कर आरोपपत्र दायर पश्चात बुझाएको आधारमा प्रतिवादीको जग्गा वहाल वापत सोही कित्ताको रु.१०,८७,५००।- आयमा गणना गर्नु त्रुटीपूर्ण देखिन्छ । • यसका अलावा प्रतिवादीको श्रीमती देवका अधिकारीका नाममा रहेको जिल्ला धनकुटा, पाख्रीबास स्थित कि.न.५७०, ३१३, ६३४ र ७६१ ज.वि. ४-३-०-० (रोपनी) जग्गा कृषि कार्यका लागि इन्द्रमायाँ तामाङलाई बहालमा लगाएको आफुअनुकल प्रमाण संकलनका लागि सम्झौता गराई मिति २०८१।०५।१३ मा बहाल कर समेत बुझाई आम्दानी दाबी गरेको विषय प्रतिवादीले अनुसन्धानका क्रममा आयोग समक्ष गरेको वयानको तथा पेश गरेको

					आयव्ययको विवरणलाई अनादेखा गरि भएको उक्त फैसला त्रुटीपूर्ण छ। • प्रतिवादीले अदालतमा आरोपपत्र दायर गरेपश्चात अबैध आयलाई बैधानिकता दिने उद्देश्यले २०७३ सालदेखि २०८० सालसम्मको जग्गा वहाल वापतको कर भनि एकमुष्ठ वडा कार्यालयमा बुझाएकै भरमा अदालतले समेत तथ्यपरक ढंगले विचारविमर्श नगरि खाली जग्गा बहालमा लगाई जग्गा खरिद गर्दाको कुल लागतको ५० प्रतिशत भन्दा बढी रकम बहाल आम्दानी दाबी गरेको देखिन्छ। अर्कोतर्फ लाखौ रकम आम्दानी हुने जग्गा २०७३ सालदेखि बहालमा लगाई आम्दानी भइरहेको विषय निजले नियमित रुपमा पेश गरेका सम्पत्ति विवरण, आयोग समक्ष पेश गरेको आयब्यय तथा सम्पत्ति विवरणका साथै ततिम्बा बयान गर्नु अगाबै आम्दानी पुष्टी हुने कागजात छुट भएमा पेश गर्ने मौका समेत दिएको अवस्थामा पेश नगरि आरोपपत्र दायर पश्चात पछि सृजना गरेका वहाल सम्झौता वहाल करसमेत सम्बन्धीत कार्यालयमा बुझाएको रसिद समेत पेश गरी वहालमा लिने निज व्यक्तिहरु अदालतमा आइ बकपत्रसमेतलाई आधर लिई प्रतिवादीले दाबी गरेको उक्त वहाल रकम प्रतिवादीको आयमा गणना गर्नु न्यायोचित नै देखियो। यसरी समग्रमा घर बहालतर्फ रु.३७,९१,१८५/- र जग्गा बहालतर्फ रु.५८,०३,२४५/- प्रतिवादीले आय गरेको देखिन आएकोले निजको जाँच अवधिमा घर तथा जग्गा बहालतर्फ जम्मा रु.९६,०२,४३०/- गणना गर्नुपर्ने भनी अदालतले प्रतिवादीहरुले अनुसन्धानका क्रममा तथा बयानका क्रममा र १३ पाने विवरण भर्ने क्रममा साथै निज प्रतिवादी याम कुमार कार्कीले आफु कार्यत कार्यालयमा पेश गरेको सम्पत्ति विवरणमा समेत उल्लेख नभएको अवस्थामा उक्त Evidential Value को आसय र महत्व बुझी फैसला गर्नु पर्नेमा प्रतिवादीले कसूरबाट उन्मुक्ती पाउने अभिप्रायले आरोपपत्र दायर गरे पछि सृजना गरेको कागज प्रमाणलाई मात्र आधार लिई प्रतिवादीलाई कसूरबाट सफाई दिने गरी भएको फैसला सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार विरुद्ध **युवराज शर्मा** भएको मुद्दामा **"आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ। त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिँदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ, जुन कानूनसम्मत हुन नसक्ने"** (ने.का.प.२०६९, अंक ५, नि.नं.८८८६) भन्ने सिद्धान्त प्रतिपादन भएकोमा प्रस्तुत मुद्दामा समेत प्रतिवादीहरुले घर निर्माण वापतको रकम तथा जग्गा खरिद वापतको रकमको स्रोत पुष्टी गर्न नसिकरहेको अवस्थामा उक्त घरको घर भाडा, जग्गा बहाल वापत प्राप्त रकमलाई आयमा मान्यता दिँदा अन्य गैरकानुनी आर्जन समेतको आय स्रोत पुष्टी हुन जाने हुँदा थप आय कायम गर्ने गरी गरेको उक्त फैसला त्रुटीपूर्ण रहेको छ। • **३.बैंक ब्याज आय सम्बन्धमाः-** यस शिर्षकमा प्रतिवादीको जम्मा आय रु.१३,४०,२९१।६० गणना हुने भनी आरोपपत्रमा दाबी रहेकोमा विशेष अदालतबाट बैंकबाट प्राप्त ब्याज रकम जम्मा रू.१७,०९,२९४।२३ निज प्रतिवादी याम कुमार कार्कीको आयमा गणना गरिएको देखिन्छ। आरोप पत्रमा निज याम कुमार कार्की सहित एकासंगोलका परिवारका सदस्यहरुका नाममा रहेको विभिन्न बैंक तथा वित्तिय संस्थामा रहेका बचत खातामा प्राप्त ब्याजलाई आम्दानीका रुपमा गणना गरिएको छ। याम कुमार कार्कीको नाममा रहेको कार्लोस बचत तथा ऋण सहकारी संस्था लिमिटेड, चावहिलमा रहेका

					खाताहरुमा प्राप्त ब्याज रु.१,०९,४८९।०२ याम कुमार कार्की र केदार दाहालको नाममा रहेको साविकको लक्ष्मी बैंक लि. मा रहेको खाता नं.३१२००३७६२४ मा प्राप्त मुद्दती तथा वचत खातामा प्राप्त कुल ब्याज रु.३,९०,०९६।१२ मध्ये ५०% निज कार्कीको भागमा पर्ने हुनेहुँदा सोही अनुसारको रु.१,९५,०४६।०६ र एकासंगोलका परिवारका नाममा रहेका विभिन्न बैंकका खाताहरुमा प्राप्त ब्याज रु.१०,३५,७५४।५२ सहित कुल रु.१३,४०,२९१।६० लाई आयमा गणना गरिएकोमा प्रतिवादीले सबै बैंकबाट व्याज रु.१५,१४,२४८।१७ प्राप्त भएको भनी प्रतिवादीले सम्पूर्ण रकमको व्याज दावी गरेको भएतापनि निजले बैंकमा राखेको सम्पूर्ण रकमको **मुलधन वैध** थियो भन्ने पुष्टि गर्न सकेको देखिँदैन। ***"बैंकमा राखेको रकमको व्याजलाई आयमा समावेश गर्नका लागि त्यसको मूलधन वैध थियो भन्ने तथ्य पुष्टि गर्न सक्नु पर्ने"*****(नेपाल सरकार विरुद्ध रामाज्ञा चतुर्वेदी (ने.का.प.२०६८, अंक ६, नि.नं. ८६३०)** र ***"गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा यो यस वैधानिक स्रोतबाट आयआर्जन गरेको हो भनी पुष्टी गर्ने दायित्व प्रतिवादी उपर रहने" भनी नेपाल सरकार विरुद्ध जय प्रकाश प्रसाद गुप्ता समेत (ने.का.प.२०६८, अंक ११, नि.नं.८७२२)*** सम्मानित सर्वोच्च अदालतबाट नजिर सिद्धान्त प्रतिपादन भएको समेतका आधारमा त्यस्ता रकम वैध थियो भन्ने पुष्ट्याईको अभावमा अनुमानका आधारमा निजको आयमा बैंक ब्याजलाई आयमा गणना गरी भएको प्रस्तुत फैसला सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त समेतको प्रतिकूल भई त्रुटिपूर्ण देखिन्छ। • **कार्यालय भत्ता आय सम्बन्धमाः-** यस शीर्षकमा निज याम कुमार कार्कीले सार्वजनिक सेवामा कार्यरत रहँदा प्राप्त गरेको बैठक भत्ता, खाजा भत्ता, प्रोत्साहन भत्ता, अतिरिक्त जिम्मेवारी भत्ता र फिल्ड भत्ता समेत गरी जम्मा रकम रु.५७,७९,५३९। प्राप्त गरेको भनी आरोपत्रमा सो बमोजिमको रकम भत्ता शिर्षकमा आय कायम भएकोमा प्रतिवादीले सो भत्ताका अतिरिक्त दशै भत्ता, पोशाक भत्ता र महंगी भत्ता गरी थप रु.५,०३,४१०।— दावी गरेको आयलाई अदालतले सो आयलाई गणना गरेको सम्बन्धमा विवेचना गर्दा दशै खर्च, लुगा भत्ता र महंगी भत्ता वापतको रकम सोही शिर्षकमा नै खर्च हुने रकम हो, त्यस्तो रकम लाई थप आयको मान्यता दिन नहुनेमा थप आय कायम गरिएको उक्त फैसला त्रुटीपूर्ण रहेको छ। यसरी खुद खर्च भएर जाने रकमलाई समेत बचत हुने रकम मानी प्रतिबादीको वैधानिक आयमा कायम गर्न मिल्ने होईन। **यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट समेत *"खुद खर्च भै जाने विविध शीर्षकको रकमलाई आयमा समावेश गर्न कुनै कानून र विवेकसम्मत आधार नदेखिने"* (नेपाल सरकार बि. जयप्रसाद गुप्ता ,ने.का.प. २०६८ नि.नं. ८७२२)** भन्ने सिद्धान्त प्रतिपादन भएको अवस्थामा यसरी खुद खर्च जाने रकमलाई समेत आय मानी प्रतिबादीको बैध आय कायम गरी गरेको उक्त फैसला सम्मानित अदालतबाट प्रतिवादित नजरिको प्रतिकुल रहेकोले त्रुटिपूर्ण रहि बदर भागी छ। • **५.ऋण/सापटी आय सम्बन्धमाः-** प्रतिवादी याम कुमार कार्कीले पेश गरेको सम्पत्ति विवरण फाराम तथा बयानमा व्यक्तिगत ऋण सापटी वापतको रकम केदार दाहाल बाहेक अन्य विवरण खुलाएका छैनन्। केदार दाहालले अनुसन्धानका क्रममा मिति २०८०।०९।१८ गते गरेको बयानका क्रममा आज भन्दा पाँच वर्ष पहिला रु.२४,००,०००।- दिएकोमा उक्त रकम केही समयको अन्तरालमै फिर्ता पाएको, लेनदेन भएको मिति भने नखुलेको भन्ने बेहोरा लेनदेनमा संलग्न दुबै पक्षले अनुसन्धानका क्रममा खुलाएका छन्। लेनदेनको मिति

					समेत थाहा नभएको र फिर्ता पनि भइसकेको हुँदा आयव्ययमा कुनै फरक नपार्ने भएको हुँदा आयव्ययमा गणना नगरिएको हो। केदार दाहालले मिति २०७९।०९।२० गते सापटी स्वरुप लक्ष्मी बैंक मार्फत रु.२६,००,०००।- दिएको र सो मध्ये मिति २०८०।०४।१८ मा रु.४,००,०००।- र मिति २०८०।०७।२३ मा रु.६,००,०००।- प्राप्त भएको बेहोराको बयान गरेका छन् *(केदार दाहालको वयान स.ज.नं.५, पंजिका नं. ४३, पाना नं.६ र ७)*। यसैगरी केदार दाहाल र प्रतिवादी याम कुमार कार्कीले अनुसन्धानका क्रममा हालसम्म लिएको रकममध्ये रु.१६,००,०००।- तिर्न बाँकी रकम जग्गा विक्रि गरि तिर्ने योजनामा रहेको भन्ने बयानको बेहोरा समेतमा एकरुपता नै देखिन्छ *(याम कुमार कार्कीको वयान स.ज.नं.४२, पंजिका नं.२५, पाना नं.१६ र१७)*। प्रतिवादी याम कुमार कार्कीको आयव्ययको गणना अन्तिम अबधि २०७९।१२।३० सम्म कायम गरिएको छ। उक्त अवधि पश्चातका कुनै पनि कारोवारलाई आयव्ययमा समावेश नगरिएको हुँदा आरोपत्रमा केदार दाहाललाई तिर्न बाँकी रकम रु.२६,००,०००।- नै प्रस्तुत गरिएको हो। • प्रतिवादी याम कुमार कार्की र केदार दाहालको संयुक्त नाममा लक्ष्मी सनराइज बैंक लि. मा खाता नं.०३१२००३१६२४ खोलेपश्चात केदार दाहाल विदेशमा रहेको दुबैजनाको बयानबाट खुल्छ तत् पश्चात याम कुमार कार्कीले ATM कार्ड र मोवाइल बैंकिङ सुविधा, चेक बुक समेत आफैले लिई एकलौटी ढंगले खाता संचालन गरेको सम्वन्धित बैंकको मिति २०८०।०९।०५, च.नं. LS/HO-COM/211223/342022 अनुसारको पत्रबाट समेत स्पष्ट हुन्छ। संयुक्त खातामा सन् २०१४ डिसेम्वर ४(वि.सं.२०७१।०८।१८) मा तेन्जिङ/मिङमार भन्ने व्यक्तिको नामबाट जम्मा भएको रु.५३,००,०००।- कुन स्रोतबाट, कसले जम्मा गरेको हो? भन्ने अनुसन्धानका क्रममा गरिएको सवाल नं.३९ को जवाफमा प्रतिवादी याम कुमार कार्कीले श्रीमतीका नामको जग्गा विक्रि गरि प्राप्त भएको रकम हो भनि स्पष्ट रुपमा खुलाएका छन् *(पंजिका नं.२५, पेज नं.१८)* । उपरोक्त रकम याम कुमार कार्कीले आफु अनुकुलको समयमा चेक मार्फत पटक-पटक निकालेको रु.४३,८७,०००।- रकम केदार दाहाल मार्फत सापटी लिएको हो भन्ने जिकिर कै आधारमा उक्त शीर्षकमा रु.२६,००,०००।- वाहेक थप रु.४३,८७,०००।- प्रतिवादीको सापटी आय कायम गरिएको त्रुटीपूर्ण छ । • प्रतिवादीको श्रीमती देवका अधिकारी कार्कीका नाममा एभरेष्ट बैंक लि. मा रहेको बचत खाता नं.०२६००५१८२००२२५ मा भएका विभिन्न कारोवारलाई आफु अनुकुल ब्याख्या गरेकोमा सोही विषयलाई आधार मानि फैसला गर्नु त्रुटीपूर्ण छ। देवका अधिकारीलाई अनुसन्धानका क्रममा निजको एभरेष्ट बैंक लि. मा रहेको उक्त खाताको कारोवारको विषयमा एक-एक गरि स्पष्ट पारिएको बयान देखिन्छ *(प्रतिवादी याम कुमार कार्कीको श्रीमती देवका अधिकारीको वयान स.ज.नं.१४, पंजिका २६ पेज नं.६ र ७)*। प्रतिवादीले सन् २०२१ जुलाई २२ (तदनुसार वि.सं.२०७८।०४।०७) मा खातामा जम्मा भएको रु.१८,८१,०००।- **कृष्ण बहादुर लामाबाट** जग्गा कारोवार गर्नका लागि सापटी लिएको भनि अदालत समक्ष आय दाबी गरेको देखिन्छ। देवका अधिकारी स्वयमले बयानका क्रममा सोही रकम घरजग्गा विक्रि वापतको रकम भनि खुलाउनुका साथै, आयोग समक्ष पेश गरेका कागजातमा सापटी लिएको बेहोरा उल्लेख नगरेको, अदालतमा पेश गरेका लेनदेनका कागज स्थानीय निकायमा दर्ता नभएको, कारोवार पुष्टी हुने आधार नरहेको अवस्थामा उक्त रकम

					सापटीमा गणना गर्नु त्रुटीपूर्ण देखिन्छ। त्यस्तै देवका अधिकारीको एभरेष्ट बैंकको खातामा सन् २०२१।०७।२५ (तदनुसार वि.सं. २०७८।४।१०) मा याम कुमार कार्कीले जम्मा गरेको रु.९,००,०००।- लाई **राजेन्द्र प्रसाद दंगालबाट** सापटी लिएको भनि अदालत समक्ष दाबी गरे अनुसार आयमा गणना गरेको देखिन्छ। प्रतिवादीको श्रीमती देवका अधिकारीले उक्त कारोवारका सम्बन्धमा अनुसन्धानका क्रममा विभिन्न व्यक्तिलाई दिएको सापटी वापतको रकम फिर्ता पाएको भनि स्पष्ट रुपमा उल्लेख गरेको विषयलाई अनादेखा गरि उल्टै सापटी लिएको भन्ने जिकीरकै आधारमा अदालतबाट आयमा गणना गर्नु त्रुटीपूर्ण देखिन्छ। साथै **सुरज मैनालीबाट** सन् २०१९ अगष्ट २१ मा (तदनुसार वि.सं. २०७६।०५।०४) मा जग्गा खरिद प्रयोजनार्थ रु.१०,४५,०००।- ऋण लिएको भनि प्रमाणको रुपमा देवका अधिकारीको एभरेष्ट बैंकको बैक स्टेटमेन्ट पेश गरेकोमा उक्त मितिमा सो रकम देवका अधिकारीले नै जम्मा गरेको देखिन्छ। खातावालाले आफै जम्मा गरेको रकमलाई समेत कारोवारको गलत व्याख्या तथा जिकिरकै आधारमा अदालतबाट आयमा गणना गर्नु आरोपपत्र साथ संकलन गरिएका प्रमाणलाई नजरअन्दाज गरी प्रतिवादीको व्यक्तिगत ऋण सापटी रकममा केदार दाहालसँग लिएको रु.२६,००,०००।- रकमका अतिरिक्त रु.८२,१३,०००।- कुनै बस्तुनिष्ठ प्रमाणविना अनुमानकै आधारमा आयमा गणना गर्नु त्रुटीपूर्ण छ • प्रतिवादीले हालसम्म लिएका कुनै पनि व्यक्तिगत सापटी रकम आयव्ययको गणना अवधिमा भुक्तानि गरेको निजको दावी पनि छैन र कुनै प्रमाण पनि देखिदैन। लामो समयदेखि लिएका ऋणीसँग कुनै लेनदेन कागज समेत भएको छैन। प्रतिवादीले आयोग समक्ष आय प्रमाणित गर्ने खालका कागजात पेश गर्न पटक-पटकको मौका पाउँदा समेत लेनदेन प्रमाणित हुने वा प्रमाण लाग्ने कागजात पेश गरेका छैनन्। प्रतिवादीको जाँच अवधिमा एभरेष्ट बैंकबाट रु.५,००,०००।- ऋण लिएको बाहेक अन्य कुनै पनि वित्तिय संस्थाबाट ऋण लिन आवश्यक नपरेको, विभिन्न व्यक्तिलाई ऋण सापटी दिँदै आएको र बैंकमा लाखौ पैसा राखि उल्टै सापटी लिएको भन्ने विषय आफैमा विस्वासयोग्य छैन। यसै गरी प्रतिवादीले उक्त सापटी सम्बन्धमा आफु कार्यरत कार्यालयमा पेश गरेको सम्पत्ति विवरण तथा यस आयोगमा भरेको १३ पाने विवरणमा समेत उल्लेख गरेको देखिंदैन। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट **युवराज शर्मा विरुद्ध नेपाल सरकार (०७१-NF-००२१) भएको मुद्दामा *"सार्वजनिक पदमा बहाल रहेको पदाधिकारीहरूले कानून बमोजिम नियमित रूपमा साधिकार निकायमा बुझाउने सम्पत्ति विवरण फारम औपचारिकताको बिषय मात्र होईन यसको प्रमाणिक मुल्य हुन्छ। जिम्मेवार पदाधिकारीले जिम्मेवार निकायमा आफैले बुझाएको विवरणबाट सृजित जिम्मेवारीबाट पन्छिन मिल्दैन"*** भन्ने प्रतिपादित सिद्धान्त विपरित गरिएको प्रस्तुत फैसला त्रुटीपूर्ण रहि बदर भागि छ। • **कृषि आयः** प्रतिवादी याम कुमार कार्कीले अनुसन्धानको क्रममा बयान गर्दा तथा निजले भरेको १३ पाने विवरणमा पैतृक सम्पत्तिबाट कुनै आय प्राप्त भएको छैन भनी उल्लेख गरेको कारण सो सम्बन्धमा पैतृक कृषि आए गणना नगरिएकोमा विशेष अदालतबाट प्रतिवादीको कृषि आय शिर्षकमा रु.८५,००,०००।— रुपैया थप आय कायम गरेको सम्बन्धमा अनुसन्धानका क्रममा प्रतिवादीको तितम्बा बयान लिने क्रममा जिल्ला मोरङ, सुन्दरहरैचा नगरपालिका वडा नं. ८ स्थित प्रतिवादी याम कुमार कार्कीको नाममा रहेको नक्सा नं.९ख कि.नं. १६२७, १६२९ ज.वि. ०-०-१३-२, ०-०-६-२-० मा कृषिबाट

					रु.२,००,०००।- र पशुपालनबाट रु.३,००,०००।- गरी वार्षिक रु.५,००,०००।- आम्दानी हुने गरेको भन्ने स्थानीय तहको सिफारिस पेश भएको देखिन्छ।स्थानीय तहले जग्गाधनीले बेहोरा खुलाई प्रमाणित गरिदिनका लागि निवेदन दिएकै भरमा सिफारिस गरेको, स्थलगत निरीक्षण नभएको, कृषि आय तथा लागत प्रमाणित गर्ने आधिकारिक निकायबाट तथ्यपरक ढंगले कागजात पेश नभएको, प्रतिवादीका एकासंगोलका परिवार काठमाण्डौमा बसोवास गर्ने गरेको र प्रतिवादी सार्वजनिक सेवामा आवद्ध रहेको सन्दर्भ समेतलाई विचार गरि उक्त दाबी अनुसारको रकम आयमा गणना नगरिएको हो। • प्रतिवादी र निजका एकासंगोलका दाजुभाई, आमा, बुबा बिच मिति२०७१।०२।११ मा मालपोत कार्यालय धनकुटामा अंशवण्डा भएको मिसिल संलग्न कागजातबाट प्रष्ट हुन्छ। प्रतिवादी २०५८ साल अगावै देखि अध्ययनका क्रममा काठमाण्डौमा रहेको,प्रतिवादी सहित भाइहरुको विवाह लगायतका कर्महरु बाबुले नै गरिदिएको बयानमा खुलाएका छन्।आफ्ना मातापिताको पालनपोषणको कुनै जिम्मेवारी नलिएका प्रतिवादीले उनीहरुकै नाममा रहेको पैत्रिक जग्गाबाट कृषि आयको जिकिर लिएको आधारमा आय गणना गर्नु तर्क संगत देखिदैन।प्रतिवादीले अदालत समक्ष पेश गरेका तथा कृषि ज्ञान केन्द्र, धनकुटाबाट प्राप्त कागजातमा के-कति कृषि उपजको उत्पादकत्व हुने गरेको, प्रति इकाई बजार मूल्य नखुलेको, उत्पादन लागत समेत उल्लेख नगरि हँचुवाको भरमा अंशवण्डा भइसकेका एकासंगोल भन्दा वाहिरका परिवारका सदस्यका नाममा रहेको जग्गाको कृषि आय गणना गर्नुनै प्रथम दृष्टीमै त्रुटीपूर्ण देखिन्छ। प्रतिवादीले जिल्ला धनकुटा, महालक्ष्मी नगरपालिका वडा नं.२ स्थित आमा देवीमाया कार्की र बाबु लोमबहादुर कार्कीका नाममा रहेको विभिन्न कित्ता अनुसारको ज.वि.१५-७-० (०.७८ हेक्टर) र प्रतिवादी याम कुमार कार्कीको नाममा अंशवण्डाबाट प्राप्त कि.नं.१९८३, ज.वि.१-८-०(०.०९ हेक्टर) अनुसारको जग्गा रहेको देखिन्छ।विश्वसनिय कागजात तथा प्रमाणबाट पुष्टी भई आएको अवस्थामा प्रतिवादी याम कुमार कार्कीका नाममा २०७१ पश्चातको अवधिमा ०.०९ हेक्टर क्षेत्रफलको आय मात्र ग्रहणयोग्य हुने देखिन्छ।जग्गाको क्षेत्रफलतर्फ विचार गर्ने हो भने उक्त जग्गा पहाडी क्षेत्रमा घरगोठ निर्माणका लागि मात्र उपयुक्त हुने जग्गा देखिन्छ।यसै सदर्भमा सम्मानित सर्वोच्च अदालतबाट **नेपाल सरकार विरुद्ध लीलाराज गौतमसमेतको मुद्दामा *"घडेरि प्रयोजनका लागि खरिद भएका जग्गाहरु आयस्रोत बढाउने उद्देश्यले व्यावसायिक रुपमा धान र गहुँलगायत तरकारी उत्पादनको खेती गर्ने कार्य गरेको भनी बस्तुनिष्ठ आधारबिना जिकीर गरेकै भरमा विश्वास गर्न नसकिने"*** (ने.का.प.२०६९,अंक २, नि.नं.८७७०) नजिर सिद्धान्त प्रतिपादन भएको अवस्थामा उक्त सिद्धान्त विपरित अदालतबाट उक्त जग्गाको कृषि आय भनि एकमुष्ट रु.८५,००,०००।- आयमा गणना गरि भएको प्रस्तुत त्रुटीपूर्ण रहेको हुँदा बदरभागी छ। • प्रतिवादी तथा निजको एकासंगोलमा रहेका परिवारका सदस्यहरुका नाममा काठमाण्डौ उपत्यकाका तीनवटै जिल्लाका केन्द्रमा रहेका तीन रोपनी भन्दा बढी (ज.वि.३-०-१-२.७४६) जग्गा, भक्तपुरमा घर, मोरङको सुन्दरहरैचामा घडेरीयोग्य १ कठ्ठा जग्गा र धनकुटा पाखिबासमा ४ रोपनी ३ आना जग्गा सार्वजनिक सेवा पश्चात खरिद गरेको आरोपत्रपमा देखिन्छ।प्रतिवादीको पैत्रिक सम्पत्तिको रुपमा प्राप्त गरेको जिल्ला धनकुटा, महालक्ष्मी नगरपालिका वडा नं. २ स्थित १ रोपनी ८ आना जग्गा मात्रै प्राप्त गरेको र उक्त जग्गा समेत हालसम्म कायमै रहेको देखिन्छ।बैना तथा सापटी प्रयोजनका लागि १ करोड भन्दा बढी रकम विभिन्न व्यक्तिहरुलाई दिएको, बैंकमा रु.६६,००,०००।- लाख

					भन्दा बढी रकम मौज्दात रहेको, करौडौको कारोवार भइरहेको, २०५८ सालदेखि करारमा खरिदार पदबाट सेवा प्रवेश गरि करारमै हाल आयोजनाको प्रशासन प्रमुख/अधिकृत स्तरसम्मको पदमा पुगी आयोजना भित्रका सूचनाको दुरुपयोग गर्दै व्यक्तिगत जग्गा खरिद गरि आयोजनाको मापदण्डमा छिराई एक हप्ताको अन्तरालमा विक्रि गरेको लगायतका दृष्टान्त आरोपत्रमा पुष्टी भएका र अधिकांशलाई अदालतले स्वीकार समेत गरेको अवस्थामा विशेष अदालतले *प्रतिवादी यामकुमार कार्की करारका कर्मचारी भएको, निर्णय गर्ने पदमा निज नरहेको, आर्थिक लेखा उत्तरदायी पदमा रहेको नदेखिएको, सरकारी सामग्री खरिद गर्ने पदमा निज नभएको, प्रतिवादीको नाममा एउटा स्कुटर मात्र रहेको* भन्ने जस्ता आधार ग्रहण गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २० को अपव्याख्या गरि भएको प्रस्तुत फैसला त्रुटिपूर्ण रही बरद भागी देखियो। • अतः माथि उल्लिखित तथ्य एवम् प्रमाणहरुको विश्लेषण समेतको आधार, कारणबाट सार्वजनिक पद धारण गरेका शाखा अधिकृत (करार) याम कुमार कार्कीले सार्वजनिक पदको दुरुपयोग गरि रु.३,२१,३२,९५६।७५ (तीन करोड एक्काईस लाख बत्तिस हजार नौ सय छपन्न रुपैंया पचहत्तर पैसा) गैरकानूनी सम्पत्ति आर्जन गरि उक्त सम्पत्ति आफ्नो र एकासगोलकी पत्नी प्रतिवादी देवका अधिकारी र छोरी गृष्मा कार्कीको नाममा समेत राखेको देखिई यी प्रतिवादीहरुले आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा मिसिल संलग्न समग्र प्रमाणको उचित मुल्यांकन नगरी एवंम् सम्मानित सर्बोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल हुने गरी गैर कानूनी रुपमा आर्जन गरेको सम्पत्तिबाट बढे बढाएको सम्पत्तिलाई समेत प्रतिवादीको बैध आय कायम गरी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण भएकोले उक्त फैसला बदर गरी प्रतिवादीलाई आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ।